# यो देह सेलाइ

आकाश
डेनभर,कोलोराडो, अमेरिका

कसलाई श्रद्धा गरें
पत्थरलाइ फूल चढाइ
के नै पाएँ मैले
आत्मा यो बलि चढाइ ।

ख्वै के पो माँगे मैले
आँफैलाइ नाङ्गो बनाइ
केवल पाँए एउटै नाम
आफूलाइ पागल बनाइ ।

ख्वै के दिएँ  मैले
आफनैलाइ  इष्यालु बनाई
केवल पाँए एउटै काम
सबैलाइ बैरी पार्ने ।

मर्म र कर्मलाइ
कुच्चि कुच्चि
मन लाइ पूजा गरेँ
मन्दिरमा पूजा गरेँ ।

अर्पण र तर्पण गरी
सारा देवता भाकेँ
सुख बाँडदा अरु लाइ
अपजसको जालमा फसेँ ।

आहा चाहन्छन जो
सन्तुष्ठि दिने छु तिनैलाइ
अब म
यो देह सेलाइ ।

कसलाइ श्रद्धा  गरेँ
पत्थरलाइ फूल चढाइ
के नै पाएँ मैले
आत्मा यो बलि चढाइ ।

अस्तु